महान्यायाधिवक्ताको कार्यालय
(............................ शाखा)
रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८
चलानी नं. सचिवालय/६२

मिति :- २०७७।०८।३०

विषय: जबरजस्ती करणी मुद्दाका पीडितलाई अभियोग पत्रसाथ अदालतमा उपस्थित गराई बकपत्र गराउने सम्बन्धमा ।

श्री जिल्ला सरकारी वकील कार्यालयहरु, सबै।

उपरोक्त सम्बन्धमा यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०७७ नेपाल राजपत्र, भाग -२, खण्ड ७०, २०७७/०८/२१, अतिरिक्ताङ्क ३३ मा प्रकाशित भई सोही मिति देखि नै प्रारम्भ भइसकेको छ। उक्त अध्यादेश महान्यायाधिवक्ताको कार्यालयको वेबसाइट www.ag.gov.np मा "कानूनी सामाग्रीहरु" अन्तर्गतको "ऐनहरु" फोल्डरमा अपलोड गरिएको छ। सो अध्यादेशको दफा ४ ले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (२) मा संशोधन गरी जबरजस्ती करणी सम्बन्धी कसूरमा सम्भव् भएसम्म पीडित व्यक्तिलाई अभियोग पत्रसाथ अदालतमा पेश गर्ने र निजको तत्काल बकपत्र गराउने व्यवस्था गरेको छ। सोही अध्यादेशको दफा ३ ले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) पछि उपदफा (३क) थप गरेर जबरजस्ती करणी मुद्दामा कसूरदार ठहर भएका व्यक्तिलाई जरिवाना हुने र सो जरिवाना बापत प्राप्त रकम पीडितलाई दिनुपर्ने व्यवस्था गरेको तथा उक्त संहिताको दफा २२७ पछि दफा २२७क थप गरी करणी सम्बन्धी कसूरमा मिलापत्र गर्न वा गराउन नहुने व्यवस्था गरेको छ। अतः उक्त अध्यादेश अध्ययन गरी सो व्यवस्था लगायतका अन्य संशोधित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउन सबै सरकारी वकीलले तदारुकता देखाउन निर्देशनानुसार अनुरोध गरिन्छ।

(लोकराज पराजुली)
सहन्यायाधिवक्ता

बोधार्थ:-
उच्च सरकारी वकील कार्यालयहरु, सबै।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np